# गाउँसभाको मिति २०८० असार ७ गते बिहिबार बैठकमा
# अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ) ज्यूद्वारा प्रस्तुत गर्नु भएको
# आर्थिक वर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
२०८० असार ७

आदरणीय सभा अध्यक्ष ज्यू,

सभाका सदस्य ज्युहरु, कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु,

यस सभामा उपस्थित सबै महानुभावहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवानवित महसुस गरेको छु। यो मेरो नीति कार्यक्रमको छैटौ वर्षमा प्रवेश गर्दैछ। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा यस गाउँपालिकालाई विभिन्न सुझाब दिनुहुने सम्पुर्ण आमा, बुबा, दाजुभाई, दिदिबहिनीहरु लगाएत सहर्ज कर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद दिन चाहान्छु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन, लोकतन्त्रको सवलिकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नहुने सम्पुर्ण सहिदहरुप्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु।सुन्दर, शान्त, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प समस्त गाउँ बाँसीको चाहाना र हामीले निर्वाचनको क्रममा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ। यसका लागि दिर्घकालिन लक्ष्य हासिल गर्ने खालको विकास राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पुर्वाधार निर्माण सहित स्थानीय स्रोतको परिचालन र पहिचान गर्दै समावेशी उत्थानशीलता तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक समुदायको साझेदारी विकास गरिनेछ।

## विद्धमान परिवेश राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक आदि

२०७२ सालको भुक्म्प, विश्वव्यापी रुपमा फैलिएको कोभिड, युक्रेन युद्ध र सोबाट विश्व आपुर्ति श्रृंखला आएको सङ्कुचनले नेपाललाई समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजस्व परिचालनमा प्रभाव पार्न गई स्थानीय तहले पाउनु पर्ने हस्तान्तरणमा ठुलो असर पुगेको छ।हाम्रो जस्तो भुपरिवेष्ठित देश नेपाल जनसंख्यीक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको तहमा उक्लिदै गर्दा हरेक दिन २५ देखि २८ हजारसम्म नेपाल छोडेर युवाहरु रोजगारीको लागि विदेशिनु पर्ने बाध्यता छ। यो विषयले हामीलाई गम्भिर तुल्याएको छ।यसको सिकारमा सुर्यगढी गाउँपालिका पनि परेको छ। आन्तरिक र बाह्य बसाईसराईका कारण गाउँघरहरु सुनशान बस्तीका रुपमा रुपान्तित हुन पुगेको छ।आम्दानीको स्रोत गर्ने खेतबारीहरु बाझो हुन पुगेको छ।यस विषयमा सुर्यगढीलाई समेत असर परेको छ।यस विषयमा युवाहरुलाई रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षित बनाउने चुनौती हामी सबैको साझा समस्या हुन पुगेको छ। यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो सिमित स्रोत साधन प्रयोग गरी तिव्र र दिगो आर्थिक विकास गरी मुल लक्ष्य हासिल गर्नु परेको छ।यसको लागि हाम्रो गाउँपालिका स्थानीय आर्थिक विकास कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ।

सुर्यगढी गाउँपालिका हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, समाजसेवी बुद्धिजिवि लगायत सबैको एकताले नै हालको सुर्यगढीलाई अझै विकसित सुर्यगढी बनाउन सम्भव रहने भएकोले गरिविका रेखामुनि रहेका घरपरिवारहरुको पहिचान भइसकेको र उक्त परिवारहरुको आर्थिक स्तर वृद्धि गर्नको लागि स्वरोजगारी, सीपमुल व्यवसाय तथा साना उद्योगमा प्रोत्साहान गर्दै मध्यम स्तरको बनाउन हाम्रो प्रमुख दायित्व रहेको छ।यो हामी सबैको चुनौती र दायित्व पनि हो। नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भए बमोजिमको कानुन निर्माण तथा कार्यन्वयन गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ।नेपाल सरकारले स्थानीय तह स्वमुल्याङ्कन कार्यविधि २०७७ लिजा (LISA)तयार गरी सो अनुरुप प्राकृतिक स्रोत तथा वित्त आयोगबाट स्थानीय तहमा बजेट बाडँफाडँ गर्ने नीति बमोजिम उक्त परिधिभित्र रहि सिमित स्रोत र साधनले अधिक मात्रामा नागरिक हरुको अपक्षेलाई पुरा गर्नु पर्ने छ।तथापि स्थानीय तहको क्षेत्रभित्र रहि सबैको साथ र सहकार्यमा गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**१. आर्थिक विकास**

**क) कृषि तथा पशु विकास**

- गत आर्थिक वर्षबाट सुरु भएको दुध संकलन गर्दा किसानलाई दिइने प्रति लिटर रू. ५ को अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।
- रासायनिक मल तथा विसादी प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक खेतिलाई प्रोत्साहान गरिनेछ।
- पराम्परागत पानीघट्टलाई विस्थापित गरी सुधारिएको घट्टमा रुपान्तरण गरिनेछ।
- टनेल तरकारी खेतिलाई प्रोत्साहान गरी दिइने अनुदानलाई निरन्तरता दिइनेछ।
- पशु तथा कृषि विमाको लागि जनचेतना अभिवृद्धि गरिनेछ।
- माटो परिक्षण कार्यलाई निरन्तरता दिइनेछ।
- कृतिम पशु गर्भाधान कार्यक्रम तथा तरल नाइट्रोजन कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- खोर सुधार, गोठ सुधार, र पशु पालन क्षेत्रलाई विषेश अनुदान प्रदान गरिनेछ।
- दुधमा दिइएको किसानको अनुदानलाई व्यवस्थित गर्दै दुध सिधै दुग्ध विकास संस्थानमा बेचबिखन गरी भुक्तानी लिने व्यवस्था गरिनेछ।
- किसानलाई केतुके लगाउन प्रोत्साहान गरिनेछ।जसको रसबाट किटनासक औषधी र मेसिनले धागो निकाली विभिन्न लुगाफाटामा बुनाइको तालिम प्रदान गरी आय आर्जनमा, साना उद्योगमा परीणत गरिनेछ।
- व्यवसायिक काठ खेतीका लागि विभिन्न प्रजातिका बिरुवाहरु वितरण गरिनेछ।

- स्थानीय कृषि उपजको प्रबर्द्धन एवम् बजारीकरण गर्न उद्देश्य राखी हार्ट बजार सञ्चालन गरिनेछ।
- वडा वडाको भुगोल छनौट गरी बीउ बिजन उत्पादनको लागि पकेट क्षेत्र तय गरिनेछ।
- सुर्यगढीको ५ वटै वडाको किसानहरको तथ्याङ्क तथा अभिलेख राखी किसान कार्ड व्यवस्था गरिनेछ।
- ५ वटै वडाको वन पर्यावरन, कार्बुन बिसर्जन र जलवायु परिवर्तनमा भुमिका खेल्ने कार्य योजना लागु गरिनेछ।

**ख) घरेलु तथा साना उद्योग**

- घरेलु तथा साना उद्योग स्थापनामा जोड दिइ पुराना उद्योगहरुलाई संरक्षण र सम्बोधन गरिनेछ।साथै वडा नं. १ मा औद्योगिकरण सञ्चालन गरिनेछ।
- आयमुलक विविध तालिमको व्यवस्था गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना गर्नको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ।
- बाख्रा पालान किसानलाई अनिवार्य रुपमा किम्बु लगाउन पर्ने व्यवस्था मिलाइनेछ , यसबाट बाख्रालाई घाँसको प्रबन्ध र रेसम धागोमा जोड दिई, साना उद्योगलाई प्रोत्साहान गरिनेछ।
- टायल ढुङ्गा उत्पादन गरी आयमुलक रोजगारको व्यवस्था मिलाइनेछ।

**ग) पर्यटन**

- ऐतिहासिक क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याइनेछ।
- आवश्यक पुर्वाधार सहितको सामुदायिक होमस्टेको व्यवस्था गरिनेछ।
- हरेक वडामा हरियाली पार्क निर्माणको लागी पहल गरिनेछ।
- ऐतिहासिक गोले राजाको भग्नावशेस दरबार क्षेत्रको प्रवर्द्धन र प्रचार गरी आन्तरिक पर्यटन बृद्धि गरिनेछ।
- छुर्पी गुम्बा र फर्की गुम्बा लगायत बौद्ध धर्मालम्बीहरुको गुम्बाहरुको निर्माण तथा संरक्षणमा जोड दिइनेछ।
- ढाडे गैरी गाउँ छाप हुँदै लच्याङ्ग राउचुली जोड्ने पर्यटकीय पदमार्ग गोसाइकुण्ड तिर्थ स्थलको विकास गरिनेछ।
- सुर्यगढी गाउँपालिका वडा नं. ५ मा चोकदे दोभान धार्मिक स्थल पर्यटनधाम विकास गरिनेछ।
- सुर्यगढी गाउँपालिका वडा नं. ५ को चिसापानी डाडाबाट अन्तरिक्ष अवलोकन पर्यटन विकास कार्यक्रम अगाडी बढाइनेछ।

**घ) सहकारी तथा गरिवी निवारण**

- विपन्न वर्गको उत्थानको लागि सहकारी मार्फत विना धितो ऋण उपलब्ध गराई स्वरोजगारको व्यवस्था गरिनेछ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- उत्कृष्ट सहकारीलाई प्रोत्साहान गरिनेछ।
- १ घर १ सहकारी सदस्य नीति बनाई कार्यन्वयन गरिनेछ।
- वित्तीय संस्थाबाट लिइदै आएको चक्रवती व्याजदर हटाउन पहल गरिनेछ साथै एकै प्रकारको व्याजदरको नीति अवलम्बन गरिनेछ।

## २. सामाजिक विकास

### क) शिक्षा

- गाउँपालिकाले विद्यालय रेखाङ्कन तथा दरबन्दी मिलान कार्यविधि अनुसार सुरु गरेको विद्यालय मर्ज तथा दरबन्दी मिलान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- अध्यक्ष छात्रा प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- दिवा खाजा कार्यक्रमलाई अझै व्यवस्थित गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुबाट शुल्क लिन प्रतिवन्ध गरिनेछ।
- एक विद्यालय एक नर्स कार्यक्रम बिस्तार गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा एक जना खेल तथा अतिरिक्त क्रियाकलाप शिक्षकको व्यवस्था गरिनेछ।
- शिक्षकको क्षमता विकासको लागि विविध विषयगत तालिमको व्यवस्था गरिनेछ।
- नेपाली भाषा सिकाइमा रहेको कठिनाईलाई कम गरी पठनसीप र पठनबोध विकासको लागि रुम टु रिड र रुडेक नेपालको सहकार्यमा सञ्चालित विशेष साक्षारता कार्यक्रमलाई निरन्तरता दिदै थप विद्यालयहरुमा विस्तार गरिनेछ।
- शिक्षा क्षेत्रमा व्यवसायिक उत्पादनमा जोड दिइनेछ जस अनुसार प्राविधिक विद्यालय खोल्न प्रोत्साहान गरिनेछ र अनुदानको व्यवस्था मिलाइनेछ।
- SEE मा उत्कृष्ट विद्यार्थीहरु र प्रतिशतको हिसाबमा पहिलो, दोस्रो र तेस्रो हुने विद्यालयलाई नगद पुरस्कार दिने व्यवस्था मिलाइनेछ।

### ख) स्वास्थ्य

- विद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- यसै आर्थिक वर्षभित्र सुर्यगढी सामुदायिक अस्पताल सञ्चालनमा ल्याइनेछ।
- गाउँघर क्लिनिक कार्यक्रमलाई अझै व्यवस्थित गरिनेछ।
- छोरी साक्षारता कार्यक्रम अन्तर्गतको मासिक भत्तालाई निरन्तरता दिइनेछ।
- रगतको अभावले ज्यान गुमाउन पर्ने समस्या समाधान तथा सुर्यगढीका नागरिकहरुले निःशुल्क रगत प्राप्त गर्न नेपाल रेडक्रस सोसाइटी, नुवाकोटद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रलाई अनुदान दिइनेछ।

- यस गाउँपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयमसेवीकाहरुको प्रोत्साहानको लागि भत्ता व्यवस्था गरिनेछ।
- सुर्यगढीमा सामुदायिक आँखा केन्द्र तथा रेडक्रससँग समन्वय गरी ग्रामीण आँखा सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ। यसको लागि गाउँपालिका र सम्बन्धित संस्था बिच सम्झौता भैसकेकोछ।

### ग) खानेपानी तथा सरसफाई

- एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइदै स्थानीय प्राकृतिक मुलहरु, पधेरो, कुवा, कलधाराहरुको समेत संरक्षण गरिनेछ।
- हरेक खानेपानी योजनालाई दिगो र स्थायी बनाउन समुदायलाई जिम्मेवारी दिई मर्मत संभारको व्यवस्था मिलाइनेछ।
- टोल विकास समिति गठन गरी फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- शौचालय निर्माण गर्न नसकेका विपन्न वर्गका मानिसहरुलाई शौचालय निर्माणमा विशेष अनुदानको व्यवस्था गरिनेछ।
- सार्वजनिक शौचालय निर्माणमा प्राथमिकता दिइनेछ।
- सुर्यगढीको अत्यन्त सुख्खा भु-भागमा पानीको मुहान नभएको स्थानमा वर्षेपानी संकलन गरी सुख्खा समयमा पानी वितरण गरिने व्यवस्था मिलाइनेछ। यस आ.व.मा ३ नं. गैरीखर्क र चोकदेमा कार्यक्रम लागु गरिनेछ।

### घ) संस्कृति प्रवर्द्धन

- भाषा तथा संस्कृतिको संरक्षणको लागि विशेष अभियान सञ्चालन गरिनेछ।
- परम्परागत घर निर्माणमा प्रोत्साहान गरिनेछ।
- धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षणमा विशेष जोड दिइनेछ।

### ङ) खेलकुद तथा मनोरञ्जन

- राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरिय खेलमैदान निर्माण गरिनुका साथै सुर्यगढी ३ गैरिखर्क बाझो बारीमा क्षेत्रिय स्तरको रङ्गशाला निर्माण गरिनेछ।
- १ वडा १ खेलमैदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बालक्लब तथा बाल उत्थानको व्यवस्था गरिनेछ।

## च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### क) महिला तथा बालबालिका

- गाउँपालिका स्तरिय महिला समन्वय समिति मार्फत सीपमुलक तथा आयमुलक गतिविधिहरुमा जोड दिइनेछ।
- लैङ्गिक हिंसा अन्त्यको लागि विविध कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुलाई समान अवसर तथा समान ज्याला वितरणमा प्रोत्साहान गरिनेछ।
- बाल बिवाह, बहु बिवाह तथा मानव बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- गृहणी रोजगार कार्यक्रम ल्याइनेछ, यस कार्यक्रमलाई अनुदानको व्यवस्था मिलाइने छ।
- एकल महिला निधान नहुने रोग संक्रमित भएकाहरुलाई जिविकोपार्जनको व्यवस्था मिलाइनेछ।

## ख) दलित

- सुधारिएको आरन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पञ्चेबाजा संरक्षण तथा सम्बर्द्धनमा जोड दिइनेछ।
- परम्परागत हतियार तथा औजारहरुको निर्माणको लागि सीपमुलक तालिमको व्यवस्था मिलाइनेछ।
- दलित विद्यार्थीको लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

### ग) फरक क्षमता (अपाङ्गता)

- प्रकृति अनुसारको अपाङ्ग परिचयपत्र वितरण गरी कमजोर आय भएका अपाङ्ग विद्यार्थीको लागि शैक्षिक सामाग्री वितरण गरिनेछ।
- अपाङ्गता भएकालाई आय आर्जनको लागि सीपमुलक तथा क्षमतामुलक कार्यक्रम लागु गरिनेछ।

## घ) लक्षित (आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग

- लक्षित वर्गको पहिचान गरी परिचयपत्र वितरण गर्ने र उनीहरुको उत्थानको लागि विशेष कार्यक्रम लागु गरिनेछ।
- लक्षित वर्गको सीप क्षमता बृद्धिको लागि विविध आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- लक्षित वर्ग अन्तरगतको बालबालिकाको लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

## ङ) युवा वर्ग

- प्रधानमन्त्री रोजगार कार्यक्रममा युवा वर्गलाई समेट्ने कार्यक्रमहरु लागु गरिनेछ।
- धुम्रपान मध्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन युवा लक्षित विशेष कार्यक्रम लागु गरिनेछ।
- स्वरोजगार बनी आत्मनिर्भर बन्नको लागि विविध सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

- गाउँघरमा अव्यवस्थित रुपमा खेर गइरहेको काँच तथा सिसाका सामाग्रीहरुलाई प्रसोधन गरी घर निर्माण तथा प्लास्टरका लागि प्रयोग गरिनेछ। साथै उक्त प्रसोधन मेसिन खरिद तथा जनशक्ति उत्पादनमा अनुदानको व्यवस्था गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सुचीकृत बेरोजगारहरुलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामाग्री खरिद वा आयोजना/बजेट तय गर्दा लागत साझेदारी गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**च) जेष्ठ नागरिक**

- ५५ वर्ष देखि ६७ वर्षसम्मका विधुर (एकल पुरुष) हरुका लागि विशेष भत्ताको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिकको निःशुल्क परीक्षण कार्यक्रमलाई प्राथमिकतामा राखी लागु गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वडा वडामा गई वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- जेष्ठ नागरिक सम्मान तथा सद्भाव कार्यक्रमलाई प्रभावकारी बनाउन विशेष कार्यक्रम लागु गरिनेछ।

**छ) न्यायिक समिति**

- प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई सक्रिय बनाई अधिकार क्षेत्रका विवादहरु वडामा निरुपण गर्ने व्यवस्था मिलाइनेछ।
- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त र दुरुस्त बनाउन समितिका पदाधिकारीहरुलाई कानुनी सचेतना तालिमको व्यवस्था गरिनेछ।

**३. पुर्वाधार विकास**

**क) सडक, पुल तथा झोलुङ्गे पुल**

- नुवाकोट बागेश्वरी उर्लेनी काल्चे, माला भञ्ज्याङ्ग सडक स्तरोन्ती गरीनुकासाथै कालोपत्रे शुरु गरिनेछ।
- फेदिबेसि चोक देखि पिप्ले हुँदै हिरामुनिटार चोकदे सडक कालोपत्रे गरिनेछ।
- बोहोरे भञ्ज्याङ्ग तल्लो बोहोरे मस्याङ भर्याङ जोड्ने सडकको स्तरोन्ती गरिनेछ।
- मैनाली टोल हुँदै नर्सरी जोङ डाडा सडक स्तरोन्ती गरिनेछ।
- तादी खोलामा सुर्यगढी र लिखु गा.पा. जोड्ने पक्की पुलको निर्माण गरिनेछ।
- खहरे खोला गणेश मा.वि. जोड्ने पक्की पुल निर्माण गरिनेछ।
- सुर्यगढी ४ र ५ जोड्ने डुडे कामीटार कल्भर्ट निर्माण गरिनेछ।
- विभिन्न वडामा रहेका सडकहरुको स्तरोन्तीको व्यवस्था गरिनेछ।
- गाउँपालिकासम्म आउने सम्पुर्ण सडकहरु बाह्रै महिना सञ्चालन गरिने व्यवस्था मिलाइनेछ। यसको लागि सडक सञ्चालन, मर्मत सम्भार गर्न गराउनको लागि गाउँपालिकाले आफ्नै जे.सि.बी खरिद गर्ने व्यवस्था मिलाइनेछ।

- फेदीबेसि पिप्ले नयाँ पुल फलाटे बजार, हिरामुनिटार बजार, चोकदे बजार, व्यवस्थित बजारिकरणको नीति तथा मापदण्ड लागु गरिनेछ।

**ख) सिंचाई**

- विभिन्न वडा भित्रका सिंचाई आयोजनाहरुको स्तरोन्ती गरिनेछ।
- अपुरा रहेका ठुला सिंचाई आयोजनाहरुलाई निरन्तरता दिइनेछ।
- मझौला तथा ठुला सिंचाई योजनाहरुको निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिनेछ।

**ग) भवन तथा सहरी विकास**

- यसै आर्थिक वर्षभित्र बालमैत्री, अपाङ्गमैत्री सहितको पुर्ण सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण सुरु गरिनेछ।
- २ वर्षभित्र हरेक वडामा हलको व्यवस्था गरिनेछ।
- वडा नं. १ को वडा कार्यालय भवन यसै आर्थिक वर्षभित्र निर्माण गरिनेछ।
- सरकारी स्वामित्वमा रहेका प्रयोग बिहिन भवनहरुलाई प्रयोगमा ल्याइनेछ।

**घ) उर्जा, लघु तथा साना जलविद्युत**

- यसै आ.व. भित्र गाउँपालिकाका सबै काठे पोलहरुलाई पुर्ण रुपमा विस्थापित गरिनेछ।
- बैकल्पिक उर्जाका लागि गोबर ग्याँस, सौर्य उर्जामा विशेष अनुदान दिइनेछ।
- अत्यावश्यक स्थानमा सोलार बत्तिको व्यवस्था गरिनेछ।
- वडा नं. ५ को खारेखोलामा लघु जलविद्युत कार्यक्रम अध्ययन गरिनेछ।

**ङ) सुचना तथा सञ्चार**

- सबै वडा कार्यलयहरुमा सुचना केन्द्र तथा कम्प्युटर अपरेटरको व्यवस्था गरी सि.सि. टिभी क्यामरा मार्फत सेवा प्रवाहको अनुगमन निरीक्षण गरिनेछ।
- पालिका भित्रका सबै सरकारी कार्यलयहरु, विद्यालयहरुमा कम्प्युटर प्रद्धति मार्फत कार्यलयहरुमा सेवा प्रवाह गर्दै हस्तलिखित कार्यहरुलाई पुर्ण निरुत्साहित गरिनेछ।
- राजस्व तथा अन्य आयका गतिविधिहरु अनलाइन मार्फत परिचालन गरिनेछ।
- गाउँपालिकाका हरेक सुचना नागरिकसम्म पुग्नकोलागि वेभसाइट मार्फत प्रकाशन र प्रसारणमा जोड दिइनेछ।

## ४. वातावरण संरक्षण, विपद व्यवस्थापन तथा भूमि व्यवस्था

- प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्दै २० माइक्रोन भन्दा कमका प्लाष्टिकजन्य वस्तुको प्रयोगमा प्रतिबन्ध लगाइनेछ।
- वडा नं. १ मा रहेको भैरवी गुठीलाई रैकर जग्गामा परिणत गर्नको लागि नेपाल सरकार, गुठी संस्थानसँग समन्वय गरिनेछ।
- सामुदायिक वन व्यवस्थापनमा जोड दिइनेछ।
- गाउँपालिकामा विपद् उद्धार सामाग्रीको व्यवस्था गरिनेछ।
- अनाधिकृत रुपमा निकासी भइरहेको प्राकृतिक स्रोत साधनहरुलाई पुर्ण प्रतिबन्ध लगाई बैधानिक रुपमा निकासि गरिने व्यवस्था मिलाइनेछ।
- पालिका भित्रका भूमिहिन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासिको लगत संकलन गरी जग्गा धनी प्रमाण पुर्जा वितरणमा जोड दिइनेछ।
- प्राकृतिक प्रकोपको जोखिममा रहेका बस्तिहरुको पहिचान गरी व्यवस्थापनमा जोड दिइनेछ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

- प्रत्येक वडाहरुमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका कार्यलयमा सेवा लिन आउने सेवाग्राहिको सहयोगको लागि सहायता कक्ष निर्माण गरिनेछ।
- नागरिकलाई चुस्त दुरुस्त सेवा प्रवाहको लागि प्रत्येक योजनाको सम्झौता तथा फरफारकको लागि जनचेतनामुलक शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।
- सरल, सहज र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्नको लागि सबै प्रकारका सेवा डिजिटल मार्फत गरिने व्यवस्था मिलाइनेछ।

## ६. वित्तीय व्यवस्थापन र सुशासन

### क) राजश्व परिचालन

- कर तिर्नु हरेक नागरिकको कर्तव्य हो भन्ने कुरालाई जोड दिन समुदाय तथा वडा तहमा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. ५ मा रहेको ढुङ्गा खानीबाट कम्पनीसँग करका क्षेत्रबारे आवश्यक छलफल गरी थप राजश्व संकलनमा जोड दिइनेछ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि सफ्टवेयरको विकास गरी सञ्चालन गरिनेछ।

**ख) वित्तीय अनुशासन र सुशासन**

- हरेक योजनामा अनिवार्य रुपमा होर्डिङ बोर्ड राख्ने नियमलाई निरन्तरता दिइनेछ।
- अघिल्लो आ.व.को बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा आउने गुनासो सम्बोधनको लागि सुझाब पेटिका राखि अविलम्ब गुनासो सम्बोधन गर्ने परिपाटिको विकास गरिनेछ।
- दिर्घकालिन रुपमा आर्थिक भार पर्ने गरी निर्णयहरुलाई रोक लगाइनेछ।

यस गाउँपालिकाले आफ्नो स्रोतले मात्रै धान्न नसक्ने योजनाहरुको लागि प्रदेश सरकार, केन्द्र सरकार तथा अन्य साझेदारी संघ संस्थाहरुसँग समन्वय गरी योजना निर्माण गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण लगायतका विविध गतिविधिहरु यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

सुर्यगढी गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम पेश गरेको छु। यस नीति कार्यक्रमको सफल कार्यन्वयन गर्नु हामी सबैको कर्तव्य हो। नेपाल सरकारले तोकेको लक्ष्य तथा राष्ट्रिय एकता एवम् स्वाभिमान मजबुत बनाई तिब्र दरको आर्थिक वृद्धि हासिल गर्न हामी सबैको जोडबलबाट मात्र सम्भव रहने छ। यस गाउँपालिकालाई विकसित गाउँपालिकाको रुपमा स्थापित गर्न हामी सबैको अहम भूमिका रहने भएकोले यस नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण राजनैतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज तथा विभिन्न संघसंस्था लगायत सम्पुर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

**धन्यवाद !!!**